# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १२, अङ्क २
(२०७९ पुस १७ गतेदेखि २०८० असार १५ गतेसम्म)


## लुम्बिनी प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्जले प्रदेशको मानव अधिकारको अवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिकरूपमा स्थिति सूचक प्रकाशन गर्दै आएको छ।

विगतमा झैँ तीन महिना (अप्रिल– जुन २०२३) को अवधिमा यस प्रदेशको मानव अधिकारको अवस्थामा सुधार आउन सकेन्। यस अवधिमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका ५ सय १४ वटा घटनाहरू अभिलेखित भए।

उक्त अवधिमा राज्यपक्षबाट ६ जना र अन्य पक्षबाट ५ सय ८ जना पीडित भए। अपहरण एक, कुटपिट सात, बाल अधिकार ६९, प्रहरी हिरासतमा मृत्यु एक, अमानवीय व्यवहार १०, हत्या ११,जातीय विभेद तीन, अभिव्यक्ति स्वतन्त्रताको अधिकार एक, महिला हिंसाका ४ सय ११ वटा गरी ५ सय १४ जना पीडित भए।

यसैगरी, बाल अधिकार अन्तरगत बाल विवाह एक, मानव बेचबिखन तथा ओसारपसार नौ, बलात्कार ४२, यौन दुर्व्यवहार १७ जना गरी ६९ जना पीडित भए भने महिला अधिकार अन्तरगत मानव बेचबिखन प्रयास एक, घरेलु हिंसा ३ सय ३८, कथित बोक्सी आरोपमा दुई बहुविवाह २०, गर्भवतीसेवाबाट एक, बलात्कार ३८, बलात्कार प्रयास पाँच, यौन दुर्व्यवहार एक, मानव बेचबिखन तथा ओसारपसार पाँच जना पीडित भएको इन्सेकले अभिलेख गरेको छ।

नागरिक तथा राजनीतिक अधिकारका क्षेत्रमा तुलनात्मक रूपमा सुधार भएको पाइए पनि आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको अवस्थामा खासै प्रगति भएको देखिएन्। नेपालको संविधान २०७२ मौलिकहकको धारा ३१ को कार्यान्वयन अवस्था प्रभावकारी हुन सकेन । विद्यालयहरूले विभिन्न बहनामा शुल्क लिने गरेको, विद्यालय जाने उमेर समूहका बालबालिका विद्यालय बाहिर रहेका र त्यसको एकिन तथ्याङ्क समेत स्थानीय तहसँग नभएको पाइयो।

नेपालको संविधान २०७२ मौलिकहकको धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनिए पनि स्वास्थ्य संस्थामा औषधि पर्याप्तता नभएको पाइयो ।

स्थानीय तहले औषधि खरिद गरी मातहतका स्वास्थ्य संस्थामा पठाउने गरेको भएपनि माग अनुसारको औषधि उपलब्ध हुन सकेन।

कृषकहरूले समयमै मल, बिउबिजन पाउन सकेनन् भने सिचाईको पहुँच नपुग्दा कृषकहरूले सास्ती व्यहोर्नु पर्‍यो।

बालसुधार गृह, कारागार र प्रहरी हिरासत कक्षहरूको अनुगमन गर्दा क्षमता भन्दा बढी सङ्ख्या भएको, आधारभूत अधिकार बाट वञ्चित भएको पाइयो। कानुनको विवादमा परी बाल सुधार गृहमा रहेका बालकहरू न्याय सम्पादन कार्यमा ढिलाईले गर्दा लामो समय सुधार गृहमा बस्नु पर्ने बाध्यता रहेको छ।

अन्त्यमा, इन्सेकले अभिलेख गरेका तथ्याङ्कहरूलाई दृष्टिगत गरी मानव अधिकार सङ्रक्षण र सम्वर्द्धनका लागि राज्यले ठोस, प्रभावकारी र हस्तक्षेपकारी नीति तथा कार्यक्रमहरू ल्याउन जरूरी छ।

**भोला महत**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(अप्रिल–जुन २०२३)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कुल जम्मा |
| अपहरण | | | | १ | | १ | १ |
| कारागारमा मृत्यु | | १ | १ | | | | १ |
| कुटपिट | | २ | २ | १ | ४ | ५ | ७ |
| बाल अधिकार | | | | ६२ | ७ | ६९ | ६९ |
| अमानवीय व्यवहार | | २ | २ | १ | ७ | ८ | १० |
| हत्या | | | | ९ | २ | ११ | ११ |
| जातीय विभेद | | | | २ | १ | ३ | ३ |
| महिला अधिकार | १ | | १ | ४१० | | ४१० | ४११ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | | | | १ | १ | १ |
| जम्मा | १ | ५ | ६ | ४८६ | २२ | ५०८ | ५१४ |

# लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०७९ चैत १७ गतेदेखि २०८० असार १५ गतेसम्म)

## कुटपिट

### अन्यपक्षबाट

**दाङ**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) दाङका सचिव एवं तुलसीपुर उमनपा-१२ का ४२ वर्षीय डिल्ली डाँगीलाई ०७९ चैत २५ गते नेकपा (एस) निकट युवासंघ समाजवादीका जिल्ला अध्यक्ष एवं तुलसीपुर उमनपा-४ का २८ वर्षीय जविन रानाले कुटपिट गरेको भन्दै पीडित पक्षले चैत २५ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। कुटपिटबाट दाहिने आखामा गम्भीर चोट लागेका डाँगीको उपचार चैत २५ गते राप्ती आखा अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई चैत २६ गते तुलसीपुरबाटै गिरफ्तार गरी ०८० वैशाख ४ गते शान्तिविरुद्धको कसुरमा मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालय दाङले वैशाख४ गते ३ हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बाँके**

नेपालगञ्ज उपमहानगरपालिका -१७ स्थित ट्राफिक प्रहरी कार्यालयबाट खटिएका असइ जंगबहादुर बस्नेत र प्रहरी जवान मानबहादुर ठगुन्नालाई ०८०जेठ ५ गते सवारी चेकि को क्रममा ट्राफिक प्रहरीलाई छल्न खोज्दा सोही ठाउँ निवासी मेराज शेष भे ११प १२ ५५ नं.को बुलेट बाइक दुर्घटना भई घाइते भएको भन्दै स्थानिय बासीहरूले घरेलु हतियार लाठी, हसिया लगायतका प्रयोग गरी कुटपिट गरेको भन्दै २८ वर्षीय जान मोहम्मद शेख, १९ वर्षीय भिमबहादुर कनोजिया ,२७ वर्षीय मेराज बेहेना, ३२ वर्षीय हनुमान पासी , १९ वर्षीया मुन्नी बेहना, ३७ वर्षीय जुभई वागवान, ४५ वर्षीय फारूक बेहना, ३० वर्षीय गणेश काँदु, ३२ वर्षीय आवदिन बेहना, २७ वर्षीय मो.रहिस बेहना, ३५वर्षीय हसन मोहम्द शेष, १७ वर्षीय नविन बेहना गरी १२ जना विरूद्ध जिल्ला प्रहरी कार्यालयमा जेठ ८ गते उजुरी दर्ता भयो। घाइते मेराज शेष र जंगबहादुर बस्नेत मानबहादुर ठगुन्नाको उपचार जेठ ५ गते भेरी अस्पतालमा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत जेठ १६ गते जिल्ला अदालतमा दर्ता भयो। चार जना आरोपित गिरफ्तार छन् भने आठ जना फरार रहेका छन्।

## दुर्व्यवहार

**दाङ**

गुरुजजुर मावि रक्षाचौरका शिक्षकहरु तुलसीपुर उपमनपा-६ का ५३ वर्षीय प्रमोद आचार्य र तुलसीपुर उमनपा-९ का ४६ वर्षीय झक्कुप्रसाद खत्रीलाई ०८० जेठ १ गते विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलसीपुर उपमनपा-४ का ५२ वर्षीया लोकमणी पोखेलले कार्यकक्षमै कुटपिट गरे। विद्यालयले प्रकाशन गरेको पात्रो च्यातेको भन्दै पोखेलले प्रमोद आचार्यलाई छातीमा हानेको, विद्यालय ड्रेस च्यातिदिएको र झक्कुप्रसाद खत्रीलाई गालीगलोज गर्दै कुर्सीले हान्न खोजेपछि भागेर ज्यान बचाएको पीडितहरुले बताए। प्रमोद आचार्य विद्यालयका सिनियर मावि द्धितिय श्रेणीका र झक्कुप्रसाद खत्री मावि तृतिय श्रेणीका हुन। प्रमोद सिनियर हुँदाहुँदै तृतिय श्रेणीकी शिक्षक विष्णुकुमारी केसीलाई ०७६ देखि प्रधानाध्यापक बनाएपछि प्रमोदलाई विष्णुपछि दोस्रो वरियतामा राखिएको थियो तर विद्यालयले प्रकाशन गरेको ०८० सालको पात्रोमा प्रमोदलाई चौथो वरियतामा राखेपछि प्रमोद र झक्कुले वैशाख ३१ गते पात्रो च्यातेका थिए। पात्रो च्यातेको भन्दै मुचुल्का उठाउन प्रहरी बोलाएकै बेला जेठ १ गते विव्यस अध्यक्ष पोखेलले शिक्षक कुटपिट गरेपछि दुवैपक्षलाई प्रहरीले इलाका प्रहरी कार्यालय तुलसीपुरमा लगेको थियो। छलफलमा विव्यस अध्यक्ष पोखेलले दुवै शिक्षकसामु गल्ती स्वीकार गर्दै माफीमागेपछि प्रहरीले जेठ १ गते नै दुवैपक्षबीच मिलापत्र गराएर पठायो।

जनज्योती माविमा कार्यरत राजपुर गाउँपालिका-३ का २४ वर्षीय श्रवणकुमार यादव र ३० वर्षीय शिवदेव यादवलाई ०८० जेठ २३ गते राजपुर गाउँपालिका-१ का ३० वर्षीय आनन्द अधिकारी र ३५ वर्षीय त्रिलोक कार्कीले कुटपिट तथा दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले जेठ २४ गते इलाका प्रहरी कार्यालय गढवामा उजुरी दिए। जेठ २३ गते विद्यालयमा पठनपाठन चलिरहेका बेला विद्यालयको गेटको ताला फोडेर भित्र पसेका दुवै जनाले

विद्यालयका प्रधानाध्यापक केशवराम यादवलाई गालीगलौज र शिक्षक तथा विद्यार्थी उपस्थिति बोर्ड तोडफोड गरेपछि शिक्षकहरु श्रवणकुमार यादव र शिवदेव यादवले मोवाइलमा भिडियो खिचेका थिए। भिडियो किन खिचेको भन्दै मोवाईल खोसेर लगिदिएको र कुटपिट गरी भागे। शिक्षकमाथि दुर्व्यवहार, कुटपिट भएको र असुरक्षा बढेको भन्दै विद्यालयका शिक्षकहरुले जेठ २३ गतेदेखि नै पठनपाठन बन्द गरेर दोषीमाथि कारवाहीको माग गरे। प्रहरीले आरोपित आनन्द अधिकारीलाई घरबाटै जेठ २४ गते गिरफ्तार गरी अनुसन्धान थालेपछि आन्दोलन स्थगित गरेर शिक्षकहरुले जेठ २५ गतेदेखि पठनपाठन सुचारु गरे। प्रहरीले आरोपितविरुद्ध असार ४ गते शान्तिविरुद्धको कसुरमा मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालय दाङले असार ४ गते नै १५ हजार धरौटीमा हिरासतमुक्त गऱ्यो। घटनाका अर्का आरोपित कार्कीको खोजी भइरहेको प्रहरी निरीक्षक नविन वलीले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

शान्तिनगर गाउँपालिकाका शिक्षा शाखा प्रमुख एवं तुलसीपुर उमनपा-९ का २४ वर्षीय सुमन पाण्डेलाई ०८० असार ७ गते शान्तिनगर गाउँपालिका वडा नं. २ का अध्यक्ष २५ वर्षीय सुनिल वलीले कार्यालयभित्रै कुटपिट तथा दुर्व्यवहार गरेको भन्दै असार ७ गते पीडित पक्षले इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। पीडितको उपचार राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा असार ७ गते भयो। प्रहरीले आरोपितलाई घोराही उमनपा-१० नारायणपुरबाट असार ८ गते गिरफ्तार गरी असार १८ गते सार्वजनिक शान्तिविरुद्धको कसुरसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालय दाङले असार १८ गते साधारण तारेखमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

## हिरासतमा मृत्यु

### कपिलवस्तु

लागु औषध मुद्दामा इलाका प्रहरी कार्यालय पिपराको हिरासतमा रहेका बाणगंगा नगरपालिका- ४ सिद्धिपुरका ४५ वर्षीय दानबहादुर सेनको ०८० असार १० गते मृत्यु भयो। असार ४ गते लागु औषध खरिद बिक्रि तथा सेवन गर्दै आएको भन्ने सूचनाको आधारमा गिरफ्तार परेका उनी अनुसन्धानकै क्रममा असार १० गते राती १२ बजेर २० मिनेटको समयमा हिरासत कक्षमा आत्तिएको थुनुवाहरुले डिउटीमा खटिएका प्रहरीले खबर गरे पछि उपचारका लागि कपिलवस्तु सामुदायिक अस्पताल चारनम्बर पुऱ्याएको र सामुदायिक अस्पतालले समस्या जटिल देखेपछि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल रिफर गऱ्यो। सोही दिन उपचारको क्रममा लुम्बिनी प्रादेशिक अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। शवको पोष्टमार्टम असार १४ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा गरी मृतकका छोरा मन्सु सेनले शव बुझेर सद्गत गरे।

## बाल अधिकार

## अपहरण

### नवलपरासी पश्चिम

१७ वर्षीया बालिकालाई बर्दघाट नपा ९, भुताहा निवासी २७ वर्षीय आफन्तले २०८० जेठ १५ गते अपहरण गरी रुपन्देहीको रोहिणी गाउँपालिका धकधई स्थीत स्थानीय होटेलमा लगी बन्धक बनाई राखेको भन्दै ०८० जेठ १५ गते नै ईलाका प्रहरी कार्यालय, बर्दघाटमा उजुरी दिएकोमा प्रहरीले आरोपीलाई ०८० जेठ १९ गते रुपन्देहीको धकधईबाट गिरफ्तार गऱ्यो। प्रहरीले अपहरण तथा शरीर बन्धक उद्योगमा असार १२ गते जिल्ला अदालत पेश भएकोमा असार १४ गते जिल्ला न्यायाधीश खडानन्द तिवारीको आदेशमा १ लाख ८० हजार धरौटीमा रिहा गरिएको श्रेस्तेदार प्रेम प्रसाद पौडेलले बताउनुभयो।

## बलात्कार, यौन दुर्व्यवहार

### रुकुम पूर्व

१४ वर्षीया बालिकालाई ०८० जेठ ११ गते बलात्कार गरेको भन्दै भुमे गाउँपालिका- ५ शेराबाङ बस्ने २३ वर्षीय दीपक सोनामविरुद्ध पीडित पक्षले जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ १७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १८ गते जिल्ला अस्पताल रुकुमकोटमा भयो।

### प्युठान

१० वर्षीया बालिकालाई ०८० जेठ २७ गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालकविरुद्ध बालिकाका पीडितका आफन्तले जेठ ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित बालकलाई प्रहरीले जेठ ३१ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित र आरोपितको स्वास्थ्य परीक्षण जेठ ३१ गते जिल्ला अस्पताल बिजुवारमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् बाल बिज्याइ कसुरमा असार १८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १८ गतेको आदेशले बालकलाई आवश्यकता पर्दा

अदालतमा उपस्थित गराउने गरी साधारण तारेखमा रिहा गऱ्यो।

**गुल्मी**

१४ वर्षीया बालिकालाई ०८० वैशाख १४ गते विवाहको प्रलोभन देखाएर बलात्कार गरेको भन्दै सल्यान जिल्ला शारदा नगरपालिका- १३ का २७ वर्षीय निशान कुँवरविरुद्ध पीडित पक्षले वैशाख १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख १४ गते घरबाट गिरफतार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १४ गते गुल्मी अस्पताल तम्घासमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जेठ ८ गते जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बसन्तराज पौडेलको जेठ ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

**पाल्पा**

१० वर्षीया बालिकालाई २०७९ चैत २२ गते बलात्कार गरेको भन्दै पीडित पक्षले तानसेन नगरपालिका- ११ गाबुडाँडाका ३७ वर्षीय लिलाबहादुर बस्यालविरूद्ध चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत २६ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २६ गते पाल्पा अस्पतालमा भयो। सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी अभियोगमा ०८० वैशाख २५ गते जिल्ला अदालतमा पेश गरिएकोमा जिल्ला अदालतका न्यायाधीश कमलराज बिष्टको इजलाशले वैशाख २५ गते १ लाख ५० हजार धरौटीमा तारिखमा रिहा भए।

१२ बालिकालाई २०८० वैशाख २९ गते यौन दुर्व्यवहार गरेको भन्दै रैनादेवी छहरा गाउँपालिका-३ छचुवाका ४० वर्षीय भिमबहादुर कुमालविरूद्ध पीडित पक्षले वैशाख ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख ३१ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३१ गते पाल्पा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फात् यौन दुर्व्यवहार मुद्दामा जेठ २२ गते जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कमलराज बिष्टको इजलाशले आरोपितलाई १ लाख रूपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए।

सात वर्षीया बालिकालाई २०८० वैशाख ३१ गते यौन दुर्व्यवहार गरेको भन्दै बगनासकाली गाउँपालिका-३ का ५९ वर्षीय चुराबहादुर गाहाविरूद्ध पीडित पक्षले वैशाख ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख ३१ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३१ गते पाल्पा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् यौन दुर्व्यवहार मुद्दामा जेठ २५ गते जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कमलराज बिष्टको जेठ २५ गतेको आदेशले आरोपितलाई ४० हजार रूपियाँ धरौटीमा तारेखमा रिहा गऱ्यो।

**नवलपरासी पश्चिम**

आठ वर्षीया बालिकालाई २०७९ चैत १७ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत १८ गते जिल्ला प्रहरी कार्यालय, परासीमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत १८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १८ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख १३ गते जबरजस्तीकरणी शीर्षमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश खडानन्द

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (अप्रिल-जुन २०२३)**

| | |
|---|---|
| बलात्कार | ४३ |
| यौन दुर्व्यवहार | १६ |
| बेचबिखन तथा ओसारपसार | ९ |
| बालविवाह | १ |
| जम्मा | ६९ |

तिवारीको वैशाख १४ गतेको आदेशले आरोपितलाई बालसुधार गृह भैरहवा पठाउने आदेश दिएको श्रेस्तेदार प्रेमप्रसाद पौडेलले बताए।

१३ वर्षीया बालिकालाई ०८० असार ९ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडितले असार १० गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार १० गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असार ९ गते घरबाट गिरफ्तार गर्‍यो। घटनाको अनुसन्धान भइरहेको डिएसपी भोजराज पाण्डेयले बताए।

१३ वर्षीया बालिकालाई २०८० असार ०८ गते बलात्कार गरेको भन्दै १४ वर्षीय बालकविरुद्ध पीडित पक्षले असार ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा सोहि दिन प्रहरीले गिरफ्तार गरी अनुसन्धान पछि जबरजस्ती करणी शिर्षकमा असार २६ गते जिल्ला अदालतका न्यायाधीश रमेश शर्मा पौडेलको इजलासको आदेशमा असार २७ गते नाबालक भएकाले अभिभावकको जिम्मा लगाइएको श्रेस्तेदार प्रेम प्रसाद पौडेलले बताउनुभयो । पीडित बालिकाको स्वास्थ्य परीक्षण ०८० असार ९ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो।

८ वर्षीया बालिकालाई १४ वर्षीय बालकले २०७९ चैत ८ गते बलात्कार प्रयास गरेको भन्दै ०८० वैशाख ११ गते ईलाका प्रहरी कार्यालय, बर्दघाटमा उजुरी दिएकोमा आरोपी गिरफ्तार परेका छैनन्। पीडितको स्वास्थ्य परिक्षण ०८० वैशाख ११ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा गराइएको छ। हालसम्म आरोपी गिरफ्तार परेको छैन्। अदालती प्रक्रिया सूचारु भएको छैन्।

**रुपन्देही**

१५ वर्षीया बालिकालाई ०८० वैशाख १४ गते यौन दुर्व्यवहार गरेको भन्दै गुल्मी जिल्ला सत्यवती गाउँपालिका स्थायी घरभई गाडी चालक ४० वर्षीय पर्शुराम भण्डारी विरुद्ध पीडितले वैशाख १५ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख १५ गते बुटवलबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १५ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो।

१३ वर्षीया बालिकालाई ०८० वैशाख २४ गते यौन दुर्व्यवहार गरेको आरोपमा १५ वर्षीय बालक विरुद्ध पीडितपक्षले जेठ २५ गते इलाका प्रहरी कार्यालय सालझण्डीमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ २८ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परिक्षण जेठ २५ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा गरिएको अस्पतालले जनायो।

१६ वर्षीया बालिकालाई ०७९ चैत ३० गते बलात्कार गरेको आरोपमा लुम्बिनी साँस्कृतिक नपा-५ तेनुहवाका २७ वर्षीय अहमद शेचविरुद्ध पीडित पक्षले ०८० वैशाख २ गते इलाका प्रहरी कार्यालय लुम्बिनीमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख २ गते लुम्बिनीबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १ गते भीम अस्पताल भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख २२ गते जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत न्यायाधिशि तिलकबहादुर कार्कीको वैशाख २५ गते बसेको इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

१७ वर्षीया बालिकालाई ०७९ चैत ३० गते बलात्कार गरेको भन्दै कञ्चन गाउँपालिका-१ सुन्दरनगरका २२ वर्षीय विमल सुनारविरुद्ध पीडित पक्षले ०८० वैशाख ३ गते इलाका प्रहरी कार्यालय सालझण्डीमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख २ गते कञ्चनबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख २१ गते जिल्ला अदालत मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत रुपन्देहीका न्यायाधीश उमेश कोइरालाको वैशाख २८ गते इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

१५ वर्षीया बालिकालाई ०८० वैशाख १ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालक, बुटवल उपमहनपा-९ इँटाभट्टीका २२ वर्षीय विनोद थापा र २३ वर्षीय किरण खातीविरूद्ध पीडित पक्षले वैशाख ४ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। प्रहरीले बालकलाई वैशाख ३ गते र अन्य दुई जनालाई वैशाख ४ गते इँटाभट्टीबाट र २३ वर्षीय किरण खातीलाई वैशाख ४ गते घरबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो प्रहरीले आरोपितहरूविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख २७ गते जिल्ला अदालत मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश उमेश कोइरालाको जेठ २ गते बसेको इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

१७ वर्षीया बालिकालाई ०८० वैशाख ५ गते बलात्कार गरेको आरोपमा देवदह नपा-१० चर `का

२० वर्षीय सुजन परियारविरूद्ध पीडित पक्षले वैशाख ५ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख १० गते देवदहबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ११ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् बाल यौन दुरुपयोग अभियोगमा वैशाख २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णमुरारी शिवाकोटीको वैशाख २९ गते बसेको इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

पाँच वर्षीया बालिकालाई ०८० वैशाख ७ गते बलात्कार गरेको आरोपमा १४ बर्षीय बालकविरूद्ध पीडित पक्षले वैशाख ८ गते इलाका प्रहरी कार्यालय लुम्बिनीमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख ९ गते लुम्बिनीबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ८ गते भीम अस्पताल भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा बाल यौन दुरुपयोग अभियोगमा वैशाख २५ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णजंग शाहको वैशाख २८ गतेको इजलासले आरोपितलाई अभिभावकको जिम्मा लगाउने आदेश गरेको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

१५ वर्षीया बालिकालाई ०८० वैशाख ६ गते बजार घुमाउने प्रलोभन देखाएर बलात्कार गरेको आरोपमा मकवानपुर जिल्ला बकैया गाउँपालिका -१ स्थायी घरभई बुटवल उपमहानपा-१३ बेलबासमा मजदुरी गर्दै आएका ३० वर्षीय ज्ञानबहादुर गोलेविरूद्ध पीडित पक्षले वैशाख ११ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख १० गते बेलबासबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १० गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जबरजस्ती करणी अभियोगमा वैशाख २९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उमेश कोइरालाको जेठ २ गते बसेको इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

६ वर्षीया बालिकालाई ०८० वैशाख २८ गते बलात्कार गरेको आरोपमा१३ वर्षीय बालकविरूद्ध पीडित पक्षले वैशाख ३१ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख ३१ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २९ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् यौन दुरुपयोग अभियोगमा जेठ २१ गते जिल्ला अदालत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको जेठ २३ गते बसेको इजलासले आरोपितलाई पुपर्क्षका लागि भैरहवा बालसुधार गृहमा पठाएको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

१६ वर्षीया बालिकालाई ०८० जेठ ८ गते बलात्कार गरेको आरोपमासम्मरीमाई गाउँपालिका-७ भैसागानका २० बर्षीय रियाद अहम्दविरूद्ध पीडित पक्षले जेठ ९ गते इलाका प्रहरी कार्यालय मर्चवारमा उजुरी दिए। प्रहरीले आरोपितलाई मौखिक सूचनाका आधारमा जेठ ८ गते गाउँबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ८ गते भीम अस्पताल भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जबरजस्ती करणी अभियोगमा असार १ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश उप्रेतीको असार ४ गते बसेको इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

तीन वर्षीया बालिकालाई ०८० असार ४ गते बलात्कार गरेको आरोपमा १४ बर्षीय बालकविरूद्ध पीडित पक्षले असार ५ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार ५ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार ५ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो।

१२ वर्षीया महिलालाई ०८० असार १५ गते बलात्कार गरेको आरोपमा सियारि गाउँपालिका- ४ ओर्लहवाका ५० वर्षीय चन्द्रिका हरिजनविरूद्ध पीडित पक्षले असार १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार १८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १८ गते भीम अस्पताल भैरहवामा भयो।

**कपिलवस्तु**

१५ वर्षीया बालिकालाई ०७९ माघ १५ गते बलात्कार गरेको भन्दै यशोधरा गाउँपालिका-२ बस्ने २४ वर्षीय मुक्तार अलि फकिरविरुद्ध पीडित पक्षले ०८० वैशाख २ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण बैशाख २ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध वैशाख ४ गते बलात्कार सम्बन्धीको उजुरी दर्ता गऱ्यो। घटान पश्चात आरोपीत फरार भएको हुँदा खोजी कार्य भैरहेको प्रहरीले जनायो।

५४ वर्षीया महिलालाई ०८० वैशाख ८ गते

बलात्कार गरेको भन्दै बाणगंगा नपा- १ बस्ने २१ वर्षीय अजय भण्डारीविरुद्ध पीडितले वैशाख १० गते इलाका प्रहरी कार्यालय पिपरामा उजुरी दिइन्। प्रहरीले आरोपीतलाई बैशाख ११ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १० गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत जेठ ३ गते जिल्ला अदालतमा बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश तेजनारायण पौडेलको जेठ ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षकालागि थुनामा पठाएको अदालतका श्रेस्तेदार सुमन पाण्डेले बताए।

१७ वर्षीया बालिकालाई ०८० वैशाख ८ गते बलात्कार गरेको भन्दै बुद्धभूमि नपा १ बस्ने ३५ वर्षीय टोप बहादुर रायमाझीविरुद्ध पीडित पक्षले वैशाख १० गते इलाका प्रहरी कार्यालय गोरुसिंगेमा उजुरी दिए। प्रहरीले आरोपीतलाई वैशाख १० गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ८ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत जेठ १ गते जिल्ला अदालतमा जबरजस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तेजनारायण पौडेलको जेठ २ गतेको आदेशले आरोपितलाई पुर्पक्षकालागि थुनामा पाएको अदालतका श्रेस्तेदार सुमन पाण्डेले बताए।

१५ वर्षीया बालिकालाई ०८० वैशाख १२ गते बलात्कार गरेको भन्दै मायादेवी गाउँपालिका-६ बस्ने २१ वर्षीय दुर्गा प्रसाद थाविरुद्ध पीडित पक्षले वैशाख १३ गते इलाका प्रहरी कार्यालय गणेशपुरमा उजुरी दिए। प्रहरीले आरोपीतलाई वैशाख १३ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १२ गते शिवराज अस्पताल बहादुरगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत जेठ ४ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सूर्यनाथ प्रकाश अधिकारीको जेठ २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको अदालतका श्रेस्तेदार सुमन पाण्डेय बताए।

१३ वर्षीया बालिकालाई ०८० जेठ ५ गते बलात्कार गरेको भन्दै बाणगंगा नपा- १० बस्ने १९ वर्षीय बिष्णु थारुविरुद्ध पीडितले जेठ ६ गते इलाका प्रहरी कार्यालय पिपरामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जेठ ६ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत जेठ ३१ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश रामानन्द प्रसाद अधिकारीको जेठ ३२ गतेको आदेशले आरोपितलाई पुर्पक्षकालागि थुनामा पठाएको अदालतका श्रेस्तेदार सुमन पाण्डेले बताए।

१७ वर्षीया बालिकालाई ०८० जेठ १५ गते बलात्कार गरेको भन्दै महाराजगञ्ज नपा-१० बस्ने ४० वर्षीय रामनिवास तेलिविरुद्ध विरुद्ध पीडित पक्षले जेठ १६ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दिए। प्रहरीले आरोपीतलाई जेठ १६ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १६ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत असार १० गते जिल्ला अदालतमा जबरजस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षकालागि थुनामा पठाएको श्रेस्तेदार सुमन पाण्डेले बताए।

१६ वर्षीया वालिकालाई २०८० वैशाख १६ गते यौन दुर्व्यवहार गरेको भन्दै मायाँदेवी गाउँपालिका-२ बस्ने २१ वर्षीय बब्बु केवटविरुद्ध पीडित पक्षले वैशाख १७ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दिए। प्रहरीले आरोपीतलाई वैशाख १७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १७ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले सरकारी वकिल मार्फत जेठ ६ गते जबरजस्ती करणी शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधीश नरनारायण पौडेलको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको अदालतका श्रेस्तेदार सुमन पाण्डेले बताए।

११ वर्षीया बालिकालाई ०८० जेठ २७ गते बलात्कार गरेको भन्दै बाणगंगा नपा- ७ बस्ने २० वर्षीय केशव दर्जीविरुद्ध पीडित पक्षले असार २ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दिए। प्रहरीले आरोपीतलाई असार २ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार २ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत असार ११ गते जिल्ला अदालतमा जबरजस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तेज नारायण पौडेलको असार १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार सुमन पाण्डेले बताए।

१७ वर्षीया बालिकालाई २०८० असार ४ गते यौन दुर्व्यवहार गरेको भन्दै ४३ वर्षीय आफन्तविरुद्ध पीडितले असार ४ गते वडा प्रहरी कार्यालय चन्द्रौटामा उजुरी दिइन्। प्रहरीले आरोपीतलाई असार ४ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार ४

गते शिवराज अस्पताल बहादुरगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत जिल्ला अदालतमा असार २८ गते हाडनाता मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षकालागि थुनामा पठाएको अदालतका श्रेस्तेदार सुमन पाण्डेले बताए।

१३ वर्षीया बालिकालाई ०८० जेठ १ गते यौन दुर्व्यवहार गरेको भन्दै बाणगंगा नपा- ११ बस्ने ३४ वर्षीय राजु थारुविरुद्ध पीडितले जेठ २ गते इलाका प्रहरी कार्यालय पिपरामा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ ६ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ६ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ २९ गते बालयौन दुर्व्यवहार सम्बन्धि मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतका अदालतका न्यायाधिश सुर्यनाथ प्रकाश अधिकारीको जेठ ३१ गतेको आदेशले आरोपितलाई पूर्पक्षका लागि थुनामा पठाएको अदालतका श्रेस्तेदार सुमन पाण्डेले बताए।

**दाङ**

१६ वर्षीया बालिकालाई ०७९ चैत १२ गते लगायत पटक पटक लमही नपा-५ का २८ वर्षीय रवि थापाले दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले चैत १२ गते वडा प्रहरी कार्यालय लमहीमा उजुरी दिए। घरको झ्यालमा महिलाका भित्री बस्त्र नियमित राखिदिने, फेसबुक म्यासेन्जरमा अश्लिल चित्र र भिडियो पठाइदिने गरेको पीडितले बताइन। प्रहरीले आरोपितलाई चैत १२ गते नै घरबाट गिरफ्तार गऱ्यो। ०८० वैशाख ५ गते शान्तिविरुद्धको कसुरमा मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालय दाङले वैशाख ५ गते ८ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१६ वर्षीया बालिकालाई ०७९ चैत २० गते शान्तिनगर-६ का ३५ वर्षीय खुमानन्द पौडेलले बलात्कार गरेको भन्दै पीडित पक्षले चैत २१ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। शिवशक्ति माविमा अध्ययनरत वालिकालाई छात्रावासमै शिक्षक पौडेलले बलात्कार गरेको पीडितले बताइन। पीडितको स्वास्थ्य परीक्षण चैत २२ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। घटनालगत्तै आरोपित फरार आरोपितलाई ०८० जेठ ६ गते भारतबाट गिरफ्तार गरी जेठ ३२ गते जवरजस्तीकरणी सम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले जेठ ३२ गते नै पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१३ वर्षीया छोरीलाई ०७९ चैत ३० गते ३५ वर्षीय बाबुले बलात्कार गरेको भन्दै पीडित पक्षले ०८० वैशाख २ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख २ गते राप्ती प्रादेशिक अस्ताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई वैशाख २ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख २७ गते जिल्ला अदालतमा हाडनाताकरणी सम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१४ वर्षीया बालिकालाई ०८० वैशाख १ गते बलात्कार गरेको भन्दै तुलसीपुर उमनपा-१४ का २१ वर्षीय दिपेन्द्र नेपालीविरुद्ध पीडित पक्षले वैशाख ५ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण वैशाख ५ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई वैशाख ५ गते नै तुलसीपुर उमनपा-१३ फूलवारीबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपिछविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत वैशाख ३१ गते जिल्ला अअदालतमा जवरजस्तीकरणीसम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख ३१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१७ वर्षीया बालिकालाई ०७९ चैत २६ गते बलात्कार गरेको भन्दै घोराही उपमनपा-१८ का २० वर्षीय सुभम परियारविरुद्ध पीडित पक्षले चैत २८ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत २८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई घरबाटै चैत २८ गते गिरप्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख २१ गते जिल्ला अदालतमा जवरजस्तीकरणी सम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

६ वर्षीया बालिकालाई ०७९ चैत २५ गते बलात्कार गरेको भन्दै रोल्पा जिल्ला जेदवाङ स्थायी घर भइ हाल घोराही उमनपा-१४ बस्दै आएका २६ वर्षीय मोहन बिकविरुद्ध पीडित पक्षले चैत २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण चैत २८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई बसपार्कबाट चैत २५ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख २० गते जिल्ला अदालतमा

जवरजस्तीकरणी सम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले वैशाख २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

११ वर्षीया बालिकालाई ०८० वैशाख १० गते अपहरण तथा बलात्कार गरेको भन्दै घोराही उपमनपा-१३ का २० वर्षीय सोहेल खान भन्ने गोपालप्रसाद जमदार, घोराही उमनपा-१५ का १९ वर्षीय मुसिर खानविरुद्ध पीडित पक्षले वैशाख ११ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण वैशाख १२ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपित दुवैलाई वैशाख १२ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत्  जेठ ४ गते जिल्ला अदालतमा अपहरण, शरिर वन्धक तथा जवरजस्तीकरणीसम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ७ गते गोपालप्रसाद जमदारलाई पुर्पक्षका लागि थुनामा र जमिरलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१५ वर्षीया बालिकालाई ०८० वैशाख १५ गते बलात्कार गरेको भन्दै राजपुर गाउँपालिका-२ का ३० वर्षीय राधे भन्ने राधेश्याम यादवविरुद्ध पीडित पक्षले वैशाख १८ गते इलाका प्रहरी कार्यालय गढवामा उजुरी दिए । पीडितको स्वास्थ्य परीक्षण वैशाख १८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई वैशाख १८ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ २२ गते जिल्ला अदालतमा जवरजस्तीकरणी सम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

नौ वर्षीया बालिकालाई ०८० वैशाख ६ गते बलात्कार गरेको भन्दै घोराही उमनपा-१ का २० वर्षीय रामु नेपालीविरुद्ध पीडित पक्षले वैशाख ७ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण वैशाख ७ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई वैशाख ७ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ३ गते जिल्ला अदालतमा जवरजस्तीकरणीसम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

पाँच वर्षीया बालिकालाई ०७९ पुस १८ गते लमही नपा-८ का ५० वर्षीय जनकु भन्ने जन्का चौधरीले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख ३० गते वडा प्रहरी कार्यालय लमहीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३१ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई वैशाख ३० गते घरबाटै गिरफ्तार गरी जेठ २१ गते जवरजस्तीकरणी सम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले जेठ २१ गते पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१४ वर्षीया वालिकालाई ०८० जेठ १४ गते बलात्कार गरेको भन्दै गढवा गाउँपालिका-६ का १८ वर्षीय दिलसान अहमद मनिहार, सोही ठाउँका २० वर्षीय वसिम अहमद दर्जी, गढवा गाउँपालिका-५ का २० वर्षीय सुहेल खान र शिवराज नगरपालिका-११ कपिलवस्तु घर भइ हाल गढवा-६ बस्दै आएका २० वर्षीय जावीद अली नाउविरुद्ध पीडित पक्षले जेठ १८ गते इलाका प्रहरी कार्यालय गढवा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जेठ १८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। आरोपितहरूलाई जेठ १८ गते गढवाबाटै गिरफ्तार गऱ्यो। असार ८ गते जवरजस्तीकरणीसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला न्यायाधिस कृपासुर कार्कीको इजलासले वसिमलाई २ लाख र अरु तीनजनालाई जनही ३०/३० हजार धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१५ वर्षीया बालिकालाई ०७९ कार्तिकदेखि फागुनसम्म १४ वर्षीय बालकले बलात्कार गरेपछि ०८० वैशाख २७ गते शिशु जन्मिएको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय दाङमा वैशाख २७ गते नै उजुरी दिए। घर नजिकै जंगलमा बच्चा जन्माएर फालेको अवस्थामा स्थानीयले फेला पारेपछि प्रहरीलाई खवर गरिएको थियो। पीडित वालिका र नवजात शिशुको स्वास्थ्य परीक्षण वैशाख २७ गते नै राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई वैशाख २७ गते नै गिरफ्तार गरी ०८० जेठ १० गते जवरजस्तीकरणसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले जेठ ११ गते नावालक भन्दै अभिभावकको जिम्मा लगायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१४ वर्षीया वालिकालाई ०८० जेठ १४ गते १६ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ १८ गते इलाका प्रहरी कार्यालय गढवा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जेठ १८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई जेठ १८ गते गढवाबाटै गिरफ्तार गऱ्यो। प्रहरीले

आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार ८ गते जिल्ला अदालतमा जवरजस्तीकरणीसम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १२ गतेको आदेशले आरोपितलाई अभिभावकको जिम्मा लगायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

नौ वर्षीया बालिकालाई ०८० वैशाख २ गते यौन दुर्व्यवहार गरेको भन्दै तुलसीपुर उमनपा-१५ का ४५ वर्षीय मिताराम चौधरीविरुद्ध पीडित पक्षले वैशाख १० गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख १० गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। घटना लगत्तै फरार आरोपित यो वर्षको मध्यसम्म गिरफ्तार भएनन्।

सात वर्षीया बालिकालाई ०८० वैशाख ९ गते यौन दुर्व्यवहार गरेको भन्दै घोराही उमनपा-४ का ४० वर्षीय तिर्थप्रसाद पौडेलविरुद्ध पीडित पक्षले वैशाख ११ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण वैशाख ११ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई वैशाख ११ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख ३१ गते जिल्ला अदालतमा बालयौन दुरुपयोगसम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतलको वैशाख ३१ गतेको आदेशले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१२ वर्षीया बालिकालाई ०८० जेठ १४ गते यौन दुर्व्यवहार गरेको भन्दै गढवा गाउँपालिका-६ का १८ वर्षीय दिलसान अहमद मनिहार, गढवा गाउँपालिका-५ का २० वर्षीय सुहेल खान र शिवराज नगरपालिका-११ कपिलवस्तु घर भई हाल गढवा गाउँपालिका-६ बस्दै आएका २० वर्षीय जावीद अली नाउविरुद्ध पीडित पक्षले जेठ १८ गते इलाका प्रहरी कार्यालय गढवा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जेठ १८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपित तीनै जनालाई जेठ १८ गते गढवाबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार ८ गते जिल्ला अदालतमा जवरजस्तीकरणी उद्योग सम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १२ गतेको आदेशले आरोपितहरूलाई जनही २५/२५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

आठ  वर्षीया बालिकालाई ०८० वैशाख २७ गते यौन दुर्व्यवहार गरेको भन्दै तुलसीपुर उमनपा- १८ का ३० वर्षीय प्रेमबहादुर भन्ने प्रमेलाल सार्कीविरुद्ध पीडित पक्षले वैशाख २८ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण वैशाख २८ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई वैशाख २८ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ १९ गते जिलला अदालतमा बालयौन दुरुपयोगसम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २१ गतेको आदेशले आरोपितलाई ३० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१६ वर्षीया बालिकालाई ०८० असार ४ गते यौन दुर्व्यवहार गरेको भन्दै पद्मोदय नमूना माविका प्रशासन प्रमुख एवं घोराही उमनपा-१५ का ३० वर्षीय मिनेश श्रेष्ठले पीडित पक्षले असार ८ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण असार ८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। कक्षा १० मा पढ्ने छात्रालाई पटक पटक प्रशासन कोठा र विद्यालय छेउमा बोलाएर संवेदनशील अंगमा छोएको र अरुलाई भने मारिदिने धम्की दिएको भन्दै पीडितले असार ६ गते आफ्नै फेसबुकमा पोष्ट गरेपछि विद्यार्थीहरुले असार ७ गते कारवाहीको माग गर्दै घोराहीमा प्रदर्शन गरे। प्रहरीले आरोपितलाई असार ८ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार १९ गते जिल्ला अदालतमा बालयौन दुरुपयोगसम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले १ लाख ५० हजार रूपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१२ वर्षीया बालिकालाई ०८० जेठ १४ गते यौन दुर्व्यवहार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले जेठ १८ गते इलाका प्रहरी कार्यालय गढवा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जेठ १८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई जेठ १८ गते गढवाबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार ८ गते जिल्ला अदालतमा जवरजस्तीकरणी उद्योग सम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १२ गतेको आदेशले आरोपितलाई अभिभावकको जिम्मा लगायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बाँके**

१७ वर्षीया बालिकालाई ०७९ चैत १२ बलात्कार गरेको भन्दै कोहलपुर नगरपालिका -४का २१ वर्षीय रामचन्द्र नेपालीविरूद्ध पीडित पक्षले चैत १३ गते इलाका प्रहरी कार्यालयमा कोहलपुरमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत १२ गते कोहलपुरबाट गिरफ्तार गऱ्यो।

पीडितको स्वास्थ्य परीक्षण चैत १३ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यायल मार्फत जिल्ला अदालतमा ०८० वैशाख ८ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सनतचन्द्र लवटको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

१५ वर्षीया बालिकालाई ०८० जेठ ९ गते यौन दुर्व्यवहार गरेको भन्दै राप्ती सोनारी गाउँपालिका -२ का १९ वर्षीय प्रकाश विकविरूद्ध पीडित पक्षले जेठ १२ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ १२ गते भेरी अस्पतालमा भयो। घटनापश्चात् आरोपित फरार रहेको इलाका प्रहरी कार्यालयका डिएसपी सुन्दर तिवारीले बताए।

१६ वर्षीया बालिकालाई ०८० जेठ २६ गते बलात्कार गरेको भन्दै बैजनाथ गाउँपालिका-३ का २१ वर्षीय धकेन्द्र शाहीविरूद्ध पीडित पक्षले जेठ २९ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ २९ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असार ३ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा असार २१ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सनतचन्द्र लवटको असार २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

१३ वर्षीया बालिकालाई ०८० जेठ ३१ गते बलात्कार गरेको भन्दै कोहलपुर नगरपालिका -४ का २० वर्षीय गोलु भन्ने इजाज खाँनविरूद्ध पीडित पक्षले असार ३ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिए। प्रहरीले आरोपितलाई घरबाट असार १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार ३ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा असार २१ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चाणकमणि अर्यालको असार २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

१७ वर्षीया बालिकालाई ०८० असार ६ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका -२ का २० वर्षीय चित्रबहादुर रावलविरूद्ध पीडितले असार ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण असार ७ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असार ७ गते घरबाट गिरफ्तार गऱ्यो।

१५ वर्षीया बालिकालाई ०८० असार ६ गते बलात्कार गरेको भन्दै डुडुवा गाउँपालिका-५ का २७ वर्षीय केशव चलाउने, २१ वर्षीय कमल विष्ट, २१ वर्षीय विनोद बोहरा र २१ वर्षीय सुदिप शाहीविरूद्ध असार ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण असार ६ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असार ६ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा असार २८ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विदुर काफ्ले को असार २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

१७ वर्षीया महिलालाई ०८० वैशाख २८ गते बलात्कार गरेको भन्दै बैजनाथ गाउँपालिका-५का २२ वर्षीय प्रदीप विसीविरूद्ध पीडितले जेठ ६ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जेठ ६ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई जेठ ६ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जेठ २९ गते बाल यौन दुर्व्यहार शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चाणकमणि अर्यालको आदेशले आरोपितलाई १ लाख ५० हजार रूपियाँ धरौटीमा रिहा गरेको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

१७ वर्षीया बालिकालाई ०८० जेठ ५ गते अपहरण, शरीर बन्धक तथा बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका -११ का २१ वर्षीय नुर आलम राईविरूद्ध पीडित पक्षले जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई नेपाल भारत नाका नजिक भारतबाट जेठ २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २६ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत असार १८ गते जबरजस्तीकरणी शिर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चाणकमणि अर्यालको असार १९ गतेको आदेशले आरोपितलाई थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार तीर्थराज भट्टले बताए।

१७ बालिकालाई ०७९ चैत ९ गते अपहरण तथा बलात्कार गरेको भन्दै जानकी गाउँपालिका -६ का २३ वर्षीय संजय खटिकविरूद्ध पीडितले ०८० वैशाख २०

गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख २० गते भेरी अस्पतालमा भयो। घटनापछि आरोपित फरार रहेको इलाका प्रहरी कार्यालय कोहलपुरका हवल्दार शिवप्रसाद थारूले बताए।

**बर्दिया**

१७ वर्षीया बालिकालाई ०८० वैशाख १६ गते बलात्कार गरेको आरोपमा राजापुर नगरपालिका-१ का २४ वर्षीय सरोज भन्ने सुर्जप्रसाद थारूविरूद्ध वैशाख १७ गते इलाका प्रहरी कार्यालय पाताभारमा पीडितले उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख १७ गते बर्दिया जिल्ला अस्पतालमा भयो। प्रहरीले आरापितलाई घरबाट वैशाख १७ गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जेठ १० गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कैलाशप्रसाद सुवेदीको जेठ ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८० वैशाख २० गते बलात्कार गरेको आरोपमा राजापुर नगरपालिका-१० का २६ वर्षीय राजाराम चौधरी र सोही ठाउँका २७ वर्षीय शनिराम थारूविरूद्ध पीडितले राजापुर इलाका प्रहरी कार्यालयमा वैशाख २१ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते बर्दिया जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविगरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जेठ १६ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कैलाशप्रसाद सुवेदीको जेठ १७ गतेको आदेशले आरोपितलाई थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८० वैशाख १२ गते बलात्कार गरेको आरोपमा ३४ वर्षीय नातेदारविरूद्ध पीडित पक्षले वैशाख १५ गते बानियाभार इलाका प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख १५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १५ गते बर्दिया जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जेठ ८ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकराज जोशीको जेठ ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८० जेठ १३ गते बलात्कार गरेको आरोपमा ठाकुरबाबा नगरपालिका-५ का ३९ वर्षीय कलिराम थारूविरूद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय बर्दियामा जेठ १४ गते उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ १३ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १३ गते जिल्ला अस्पताल बर्दियामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा असार ६ गते जबरजस्तीकरणी उद्योग शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कैलाशप्रसाद सुवेदीको असार ७ गतेको आदेशले आरोपितलाई २ लाख ५० हजार रूपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकोमा तोकिएको धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८० जेठ २७ गते बलात्कार गरेको आरोपमा १४ वर्षीय बालकविरूद्ध पीडित पक्षले जेठ ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपित बालकलाई जेठ ३१ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा असार २१ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकराज जोशीको असार २१ गतेको आदेशले आरोपितलाई अभिभावकको जिम्मा लगायो।

नौ वर्षीया बालिकालाई ०८० असार १२ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले असार १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार १२ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले घटनाको बारेमा अनुसन्धान भइरहेको बतायो ।

## बालविवाह

**दाङ**

१५ वर्षीया बालिकालाई ०७९ चैत १९ गते बंगलाचुली-८ का १७ वर्षीय बालकसँग बालविवाह गरिदिएको भन्दै पीडित पक्षले चैत २० गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। दुवै परिवारको सल्लाहमा बालविवाह गरेको प्रहरीले जनायो। प्रहरीले दुलाह, दुलही र लमीको काम गर्ने बंगलाचुली-७ की ३७ वर्षीया हिमा नेपालीलाई चैत २० गते घरबाटै गिरफ्तार गयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख ४ गते जिलला अदालतमा बालविवाहसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले दुलाहा, दुलही नावालक भएकाले अभिभावकको जिम्मा लगाउने र विवाह गराउने हिमालाई वैशाख ४ गते साधारण तारेखमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

### बन्द, हडताल/तालाबन्दी

**प्युठान**

नेपाल विद्यालय कर्मचारी परिषद्ले सरकारले आफ्ना मागलाई आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रममा समावेश गरेपनि बजेटमा समावेश नगरेको भन्दै आफ्ना माग पुरा गराउन दवाव दिने उद्देश्यका कारण गरिएको विद्यालय बन्द तथा हडतालका कारण ०८० असार ३ गते प्यूठान जिल्लाका सम्पूर्ण सरकारी विद्यालय बन्द भए। बन्दबाट करिव ५० हजार बालबालिका पठनपाठनबाट बञ्चित भए।

**दाङ**

नेपाल विद्यालय कर्मचारी परिषद दाङले ०८० असार ३ गतेदेखि गरेको अनिश्चितकालिन विद्यालय बन्दले पठनपाठन ठप्प भयो। विद्यालय कर्मचारीको सेवा सुविधाबारे बजेटले केही नबोलेको भन्दै विद्यालय कर्मचारीहरुले जिल्लाका सबै सामुदायिक विद्यालय दिनभर बन्द गरे। बन्दका कारण वालवालिकाहरुले पढ्न नपाएको अम्बिकेश्वरी आधारभूत विद्यालय घोराहीका विव्यस अध्यक्ष किशोर पौडेलले बताए । तर सरकारले समस्या समाधानका लागि भन्दै वार्ता टोली गठन गरी छलफल थालेको भन्दै परिषदले अनिश्चितकालिन विद्यालय वन्द असार ३ गतेदेखि नै स्थगित गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार मानव वेचविखन तथा ओसारपसार

**दाङ**

२० वर्षीया महिलालाई ०७९ चैत २७ गते लमही नगरपालिका-५ का ४४ वर्षीय नुमाराज भुसालले बेचविखन गरेको भन्दै पीडित पक्षले ०८० वैशाख ४ गते वडा प्रहरी कार्यालय लमहीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख ५ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। लमहीमा वि.एण्ड.वि. होटेल सञ्चालन गरेका भुसालले ०७९ मङसिरदेखि ग्राहकसँग शारीरिक सम्पर्क गर्न लगाएको र विरामी हुँदा पनि जवरजस्ती शारीरिक सम्पर्क गर्न लगाएको पीडितले बताइन। प्रहरीले आरोपितलाई घरबाटै वैशाख ४ गते गिरफ्तार गरी वैशाख २१ गते मानव वेचविखन तथा ओसारपसारसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले वैशाख २१ गते पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

२१ वर्षीया महिलालाई ०७९ चैत २७ गते लमही नगरपालिका-५ का ४४ वर्षीय नुमाराज भुसालले बेचविखन गरेको भन्दै पीडित पक्षले ०८० वैशाख ४ गते वडा प्रहरी कार्यालय लमहीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख ५ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। लमहीमा वि.एण्ड.वि. होटेल सञ्चालन गरेका भुसालले ०७९ मङसिरदेखि ग्राहकसँग शारीरिक सम्पर्क गर्न लगाएको र विरामी हुँदा पनि जवरजस्ती शारीरिक सम्पर्क गर्न लगाएको पीडितले बताईन। प्रहरीले आरोपितलाई घरबाटै वैशाख ४ गते गिरफ्तार गरी वैशाख २१ गते मानव वेचविखन तथा ओसारपसारसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले वैशाख २१ गते पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बाँके**

१६ वर्षीया दुई जना र १७ वर्षीया बालिकालाई ०८० वैशाख ४ गते मानव बेचविखन तथा ओसारपसार गरेको आरोपमा कोहलपुर नगरपालिका-११ का ३३ वर्षीया पुर्णकली विक सोही ठाउँका ४० वर्षीय चित्रबहादुर विक र ४५ वर्षीय राजकुमार खड्काविरुद्ध पीडित पक्षले जेठ ४ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ ३ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मानव बेचविखन तथा ओसारपसार गरेको कसुरमा जेठ ३० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विदुर काफ्लेको जेठ ३१ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार तीर्थराज भट्टले बताए।

१६ वर्षीया र १२ वर्षीया बालिकालाई ०८० असार ८ गते मानव बेचविखन तथा ओसार पसार गरेको आरोपमा १७ वर्षीया बालिकाविरूद्ध पीडित पक्षले असार ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई भारत लैजादै गर्दा नेपाल भारत सिमाना जमुनाहाबाट असार ८ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मानव बेचविखन तथा ओसारपसार गरेको कसुरमा साउन १ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विदुर काफ्लेकोसाउन १ गतेको आदेशले आरोपितलाई अभिभावकको जिम्मा लगाइएको जिल्ला अदालतका श्रेस्तेदार तीर्थराज भट्टले बताए।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### रुकुम पूर्व

४९ वर्षीया महिलालाई ०८० जेठ ७ गते बलात्कार गरेको भन्दै भुमे गाउँपालिका - १ लुकुम बस्ने ३५ वर्षीय बसन्त पुनविरुद्ध पीडितले जेठ २८ गते जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वमा उजुरी दिइन। प्रहरीले आरोपितलाई जेठ २८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २८ गते जिल्ला अस्पताल रुकुमकोटमा भयो।

७३ वर्षीया महिलालाई ०८० जेठ ११ गते बलात्कार गरेको आरोपमा सिस्ने गाउँपालिका - ५ दुदिलगैरा बस्ने ६९ वर्षीय मान बहादुर थापाविरुद्ध पीडितले जेठ ११ गते जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वमा उजुरी दिइन। प्रहरीले आरोपितलाई जेठ १५ गते गिरफ्तार गऱ्यो। महिलाको स्वास्थ्य परीक्षण जेठ १२ गते जिल्ला अस्पताल रुकुमकोटमा भयो।

### प्युठान

२३ वर्षीया महिलालाई ०८० वैशाख २ गते बलात्कार गरेको भन्दै दाङ जिल्ला राप्ती गाँउपालिका - ४ का २७ वर्षीय किरम चौधरीविरुद्ध महिलाका आफन्तले वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख ३ गते प्यूठान जिल्ला प्यूठान नगरपालिका – ४ बाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फात् जबरजस्ती करणीको आरोपमा वैशाख १२ गते जिल्ला अदालत प्यूठानमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १४ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार बिरेन्द्र प्रकाश खडकाले बताए।

### गुल्मी

३४ वर्षीया महिलालाई ०८० जेठ १९ गते बलात्कार प्रयास गरेको आरोपमा ४६ वर्षीय आफन्त विरूद्ध पीडित पक्षले जेठ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ १९ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १९ गते गुल्मी अस्पताल तम्घासमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला जिल्ला सरकारी वकिल कार्यालय मार्फत जबरजस्ती करणी उद्योगमा जिल्ला अदालतमा असार १० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बसन्तराज पौडेलको असार १० गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

### महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (अप्रिल–जुन २०२३)

| | |
|---|---|
| बलात्कार | ३८ |
| घरेलु हिंसा | ३३८ |
| यौन दुर्व्यवहार | १ |
| बलात्कार प्रयास | ५ |
| बेचबिखन तथा ओसारपसार | ५ |
| बहुविवाह | २० |
| बेचबिखन तथा ओसारपसार प्रयास | १ |
| 'बोक्सी'को आरोपमा | २ |
| जम्मा | ४१० |

३१ वर्षीया महिलालाई ०८० जेठ २२ गते बलात्कार प्रयास गरेको आरोपमा धुर्कोट गाउँपालिका- १ का ४० वर्षीय प्रेमबहादुर खड्काविरूद्ध पीडित पक्षले जेठ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ २२ गते घरबाट गिरफ्तार गऱ्यो।

पीडितको स्वास्थ्य परीक्षण जेठ २२ गते गुल्मी अस्पताल तम्घासमा भयो । प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत असार ११ गते जबरजस्तीकरणी उद्योगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातका न्यायाधीश बसन्तराज पौडेलको असार ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२३ वर्षीया युवतीलाई ०८० असार १० गते बलात्कार प्रयास गरेको आरोपमा इस्मा गाउँपालिका-६ का ३३ वर्षीय गोकर्णराज पोखेलविरूद्ध पीडित पक्षले असार १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार १० गते घरबाट गिरफतार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १० गते गुल्मी अस्पताल तम्घासमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत असार २९ गते जबरजस्ती करणी शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातका न्यायाधीश बसन्तराज पौडेलको असार २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**पाल्पा**

३१ वर्षीया महिलालाई २०८० वैशाख २० गते बलात्कार गरेको भन्दै रैनादेवी छहरा गाउँपालिका-६ का ४१ वर्षीय विरबल घर्तीविरूद्ध पीडित पक्षले वैशाख २४ गते जिल्ला प्रहरी कार्यालय पाल्पामा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख २४ गते तानसेनबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २४ गते पाल्पा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा जबरजस्ती करणी अभियोगमा जेठ १६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कमलराज बिष्टको आदेशले आरोपितलाई ४० हजार रूपियाँ धरौटीमा रिहा गऱ्यो।

**नवलपरासी पश्चिम**

२१ वर्षीया युवतीलाई बर्दघाट नपा-११ भगजोनी निवासी १९ वर्षीय करण चौधरीले २०८० वैशाख ९ गते बलात्कार गरेको भन्दै सोही वैशाख १२ गते ईलाका प्रहरी कार्यालय, बर्दघाटमा उजुरी दिएकोमा बैशाख १२ गते नै आरोपी चौधरीलाई गिरफ्तार गरी अनुसन्धान पछि जबरजस्ती करणीमा जेठ ६ गते जिल्ला अदालत पेश गरेकोमा जेठ ७ गते जिल्ला न्यायाधीश ईश्वरी भण्डारीको आदेशमा आरोपी पुर्पक्षका लागि थुनामा गएको श्रेस्तेदार प्रेमप्रसाद पौडेलले बताउनुभयो। पीडितको स्वास्थ्य परिक्षण ०८० वैशाख १२ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा गराइएको छ ।

२१ वर्षीया युवतीलाई वर्दघाट नपा १२ निवासी ३० वर्षीय पुरुषले २०८० वैशाख ०९ गते बलात्कार गरेको भन्दै ०८० वैशाख १२ गते ईलाका प्रहरी कार्यालय, बर्दघाटमा उजुरी दिएकोमा बैशाख १३ गते गिरफ्तार गरी हाडनाता करणीमा मुद्धा चलाई अनुसन्धान पछि जेठ ६ गते जिल्ला अदालत पेश गरेकोमा जेठ ७ गतेको जिल्ला न्यायाधीश रमेश शर्मा पौडेलको इजलासको आदेशमा आरोपी पुर्पक्षका लागि थुनामा गएको श्रेस्तेदार प्रेमप्रसाद पौडेलले बताउनुभयो। पीडितको स्वास्थ्य परिक्षण ०८० वैशाख १२ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा गराइएको छ।

ऋाठ वर्षीया बालिकालाई १५ वर्षीय बालकले २०७९ चैत १७ गते बलात्कार गरेको भन्दै ०७९ चैत्र १८ गते जिल्ला प्रहरी कार्यालय, परासीमा उजुरी दिएकोमा चैत १८ गते आरोपीलाई गिरफ्तार गरी जबरजस्ती करणी शिर्षकमा मुद्धा चलाई अनुसन्धान पछि ०८० वैशाख १३ गते अदालत पेश गरिएकोमा २०८० बैशाख १४ गते जिल्ला न्यायाधीश खडानन्द तिवारीको आदेशमा आरोपी नाबालक भएकाले अभिभावकको जिम्मा लगाइएको श्रेस्तेदार प्रेम प्रसाद पौडेलले बताउनुभयो छ। पीडितको स्वास्थ्य परिक्षण ०७९ चैत्र १८ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा गराइएको छ।

३३ वर्षीया महिलालाई रामग्राम नपा १४, पर्सावन निवासी ३१ वर्षीया विनोद यादवले ०७९ चैत २९ गते बलात्कार प्रयास गरेको भन्दै ०८० वैशाख १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा सोही दिन आरोपीलाई गिरफ्तार गरी अनुसन्धान सुरु गरेकोमा आरोपीको मानसिक अवस्था ठिक नभएकोले प्रहरीले नै आफन्तको जिम्मा जमानीमा पठाएको सुचना अधिकारी डि.एस.पि. भोजराज पाण्डेले बताउनुभएको छ। पीडितको स्वास्थ्य परिक्षण ०८० वैशाख १ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा गराइएको छ।

२७ वर्षीया महिलालाई बर्दघाट नगरपालिका ४ मर्चाघोला बस्ने ४५ बर्षको पुरनबहादुर सार्कीले २०८० बैशाख ११ गते आफ्नै घरमा बलात्कार गरेको भन्दै २०८० जेठ १२ गते ईलाका प्रहरी कार्यालय, बर्दघाटमा उजरी दिएकोमा आरोपी सार्की लाई सोही जेठ १३ गते प्रहरीले घरबाटै गिरफ्तार गरी अनुसन्धान पछि ०८० असार १ गते जिल्ला आदालत पेश गरेकोमा असार ३ गते जिल्ला न्यायाधीश ईश्वरी भण्डारीको आदेशले आरोपी पुर्पक्षका लागि थुनामा रहेको श्रेस्तेदार प्रेमप्रसाद पौडेलले बताउनुभएको छ। पीडितको स्वस्थ्य परि क्षण ०८० जेठ १२ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा गराइएको छ।

२७ वर्षीया महिलालाई बर्दघाट नपा ४, बर्दघाट निवासी २९ वर्षीय लोक बहादुर नेपालीले ०८० जेठ ५ गते बलात्कार गरेको भन्दै ०८० जेठ १२ गते ईलाका प्रहरी कार्यालय, बर्दघाटमा उजुरी दिएकोमा सोही ०८० जेठ १३ गते आरोपी लोक बहादुरलाई प्रहरीले घरबाटै गिरफ्तार गरी अनसुन्धान पछी ०८० असार १ गते जिल्ला अदालत पेश गरेकोमा असार ३ गते जिल्ला न्यायधीश ईश्वरी भण्डारीको आदेशमा आरोपी पुर्पक्षको लागि थुनामा गएको श्रेस्तेदार प्रेमप्रसाद पौडेलले बताउनुभएको छ। पीडितको स्वास्थ परिक्षण ०८० जेठ १२ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा गराइएको छ।

**रुपन्देही**

१९ वर्षीया युवतीलाई ०८० वैशाख १ गते र अन्तिम पटक जेठ ६ गते बलात्कार गरेको आरोपमा बुटवल उपमहानपा-११ देवीनगरका १९ वर्षीय अजित सिंह चौधरीविरूद्ध पीडित पक्षले जेठ ८ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ ८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ३ गते गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो।

२६ वर्षीया महिलालाई ०८० जेठ १ गते बलात्कार गरेको आरोपमा मर्चवारी गाउँपालिका-६ बगौलीका २८ वर्षीय मनु भन्ने गौरीशंकर त्रिपाठीविरुद्ध पीडित पक्षले जेठ ९ गते इलाका प्रहरी कार्यालय मर्चवारमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ ७ गते भीम अस्पताल भैरहवामा भयो। आरोपित हालसम्म फरार रहेको प्रहरीले जनायो।

२८ वर्षीया महिलालाई ०८० असार १३ गते बलात्कार गरेको आरोपमा तिलोत्तमा नपा -२ शंकरनगरका ४४ वर्षीय विष्णु प्रसाद अर्यालविरूद्ध पीडित पक्षले असार १६ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार १७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १६ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो।

२८ वर्षीया महिलालाई ०८० असार ४ गते बलात्कार गरेको आरोपमा लुम्बिनी साँस्कृतिक नपा -४ का २७ वर्षीय रियाद दर्जीविरुद्ध पीडित पक्षले असार १७ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार १७ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो। आरोपित फरार रहेको प्रहरीले जनायो।

५७ वर्षीया महिलालाई ०७९ चैत ३० गते बलात्कार प्रयास गरेको आरोपमा देवदह नपा-६ का ४२ बर्षीय घन बहादुर कुँवरविरूद्ध पीडित पक्षले०८० वैशाख ४ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए प्रहरीले आरोपितलाई सूचनाका आधारमा वैशाख ३ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो।

२९ वर्षीया महिलालाई ०८० वैशाख २७ गते बलात्कार प्रयास गरेको आरोपमा सिद्धार्थनगर नपा-१ का २२ वर्षीय इम्रान शेचविरुद्ध पीडितले जेठ २ गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा जवरजस्ती करणी उद्योग सम्बन्धी कसुरमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ २ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परिक्षण वैशाख २८ गते भिम अस्पताल भैरहवामा अस्पतालमा भयो।

२४ वर्षीया महिलालाई ०८० असार १ गते बलात्कार प्रयास गरेको आरोपमा सम्मरीमाई गाउँपालिका -७ स्थायी घरभई सिद्धार्थनगर नपा -१ वेलहियामा बस्ने २७ वर्षीय राजकुमार साहनी कुर्मीविरुद्ध पीडितले असार ७ गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई असार ७ गते वेलहियाबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार ५ गते भिम अस्पताल भैरहवामा गरिएको अस्पतालले जनायो।

**कपिलवस्तु**

२९ वर्षीया महिलालाई ०८० जेठ ३० गते बलात्कार गरेको भन्दै कपिलवस्तु नपा- ६ का २८ वर्षीय राजेन्द्र केवटविरुद्ध पीडितले असार १ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई असार १ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत जिल्ला अदालतमा असार २५ गते जबरजस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा थुनामा पठाएको अदालतका श्रेस्तेदार सुमन पाण्डेले बताए।

४२ वर्षीया महिलालाई २०८० जेठ २ गते बलात्कार प्रयास गरेको भन्दै बुद्धभूमि नपा- ९ का ४१ वर्षीय दिपक बेल्वासेविरुद्ध पीडितले जेठ ३ गते ईलाका प्रहरी कार्यालय गोरुसिंगेमा उजुरी दिइन्। प्रहरीले आरोपीतलाई जेठ ३ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ३ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत जेठ २१ गते जिल्ला अदालतमा यौन दुर्व्यवहारको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २२ गतेको आदेशले आरोपितलाई

पुर्पक्षकालागि पठाएको अदालतका श्रेस्तेदार सुमन पाण्डेले बताए।

**दाङ**

२० वर्षीया महिलालाई ०८० वैशाख १ गते बलात्कार गरेको भन्दै घोराही उपमनपा-१८ का २६ वर्षीय आकाश श्रेष्ठविरुद्ध पीडित पक्षले वैशाख ४ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख ४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। उजुरी दिएलगत्तै फरार आरोपित यो वर्षको मध्यसम्म गिरफ्तार भएन।

१९ वर्षीया महिलालाई ०८० वैशाख १५ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले वैशाख १९ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख १९ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई वैशाख १९ गते घरबाटै गिरफ्तार गऱ्यो।। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ८ गते जिल्ला अदालतमा जवरजस्तीकरणी सम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ८ गतेको आदेशले आरोपितलाई अभिभावकको जिम्मा लगायो।

२४ वर्षीया महिलालाई ०८० वैशाख १५ गते बलात्कार गरेको भन्दै शान्तिनगर गाउँपालिका-७ का ३५ वर्षीय नविन बस्नेतविरुद्ध पीडित पक्षले वैशाख २१ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। घटना लगत्तै फरार आरोपित यो वर्षको मध्यसम्म गिरफ्तार भएनन्।

२० वर्षीया महिलालाई ०८० वैशाख २० गते बलात्कार गरेको भन्दै घोराही उमनपा-१४ का ४२ वर्षीय डोरबहादुर खत्री र परिवर्तन गाउँपालिका-३ रोल्पाका ३० वर्षीय तुला भन्ने तुलबहादुर डाँगीविरुद्ध पीडित पक्षले वैशाख २१ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई वैशाख २१ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ १७ गते जिल्ला अदालतमा जवरजस्तीकरणी सम्वन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने अर्का आरोपित फरार छन्। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

३० वर्षीया अपाङ्गता भएकी महिलालाई ०८० वैशाख ९ गते घोराही उमनपा-४ का ५० वर्षीय दिलबहादुर दमाईले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख १० गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख १० गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई वैशाख १० गते घरबाटै गिरफ्तार गरी जेठ ३ गते हाडनाताकरणीसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले जेठ ३ गते पुर्पक्षका लागि कारागार पठायो।

३२ वर्षीया महिलालाई ०७९ चैत २६ गते घोराही उमनपा-१६ का २८ वर्षीय मार्सल रोकाले बलात्कार गरेको भन्दै पीडित पक्षले ०८० जेठ १६ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण जेठ १६ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई जेठ १७ गते घरबाटै गिरफ्तार गरी ०८० असार १० गते जवरजस्तीकरणी सम्वन्धी मुद्दा चलाएकोमा जिल्ला न्यायाधीश कुलप्रसाद पाण्डेको आदेशले असार १० गते नै एक लाख रूपियाँ धरौटीमा रिहा भए।

२१ वर्षीया महिलालाई ०८० जेठ ७ गते लमही नपा-५ का ५५ वर्षीय शेषमणी गौतमले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ ७ गते वडा प्रहरी कार्यालय लमहीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण लमही अस्पतालमा जेठ ७ गते भयो। प्रहरीले आरोपितलाई जेठ ७ गते नै घरबाटै गिरफ्तार गरी जेठ ३२ गते जवरजस्तीकरणी सम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले असार १ गते पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१९ वर्षीया वौद्धिक अपाङता भएकी महिलालाई ०८० वैशाख ३१ गते भारत घर भइ हाल घोराही उमनपा-१० बस्दै आएका १४ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ १ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जेठ १ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई जेठ १ गते घरबाट गिरफ्तार गरी जेठ १९ गते जवरजस्तीकरणी सम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले जेठ २१ गते नावालक भएकाले नेपालगञ्ज सुधार केन्द्रमा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बाँके**

२६ वर्षीया महिलालाई ०८० जेठ १६ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-१ का ३४ वर्षीय राकेश सिंह बस्नेतविरूद्ध पीडितले जेठ

२४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण जेठ २४ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई जेठ २४ गते नेपालगञ्जबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा असार १६ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीशको असार १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

२४ वर्षीया महिलालाई ०७९ माघ २० गते बलात्कार गरेको भन्दै अछाम जिल्ला तुर्माखाद गाउँपालिका घर भई हाल नेपालगञ्ज उपमहानगरपालिका -१० का २५ वर्षीय इन्द्र न्यौपानेविरूद्ध पीडितले ०८० जेठ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण जेठ १६ गते भेरी अस्पतालमा भयो। आरोपित फरार रहेको प्रहरीले जनाएको छ।

३८ वर्षीया महिलालाई ०७९ चैत २५ गते बलात्कार गरेको भन्दै बर्दिया जिल्ला बढैयाताल गाउँपालिका -९का ३७ वर्षीय राजेन्द्रप्रसाद थारूविरूद्ध पीडितले चैत २५ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण चैत २५ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई कोहलपुरबाट चैत २५ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा ०८० वैशाख २० गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश चुरामन खड्काको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

४४ वर्षीया महिलालाई ०७९ चैत २८ गते बलात्कार प्रयास गरेको भन्दै कोहलपुर नगरपालिका-१३ का ३६ वर्षीय दिलबहादुर कुमालविरूद्ध पीडितले चैत २९ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण चैत २८ गते भेरी अस्पतालमा भयो । प्रहरीले आरोपितलाई घरबाट चैत २८ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत ०८० वैशाख २१ गते जिल्ला अदालतमा जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश देवकुमार गिरीको आदेश अनुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

२२ वर्षीया महिलालाई ०८० वैशाख २६ गते बलात्कार गरेको भन्दै पीडितले जाजरकोट जिल्ला नलगाड गाउँपालिका -७ का २२ वर्षीय ललितजंग शाही विरूद्ध पीडितले वैशाख २७ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख २७ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई वैशाख २७ गते कोहलपुरबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जेठ १८ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा गर्दा गर्‍यो। जिल्ला अदालतका न्यायाधीश विदुर काफ्लेको जेठ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

३३ वर्षीया महिलालाई ०८० जेठ ३१ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका -२का २५ वर्षीय अमन हल्वाईविरूद्ध पीडित पक्षले जेठ ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार १ गते घरबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ३२ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत असार २४ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश विदुर काफ्लेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

२१ वर्षीया महिलालाई ०७९ माघ १५ गते बलात्कार गरेको भन्दै बैजनाथ गाउँपालिका -१ का २४ वर्षीय अरविन्द्र चौधरी विरूद्ध पीडितले ०८० जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घटनापछि आरोपित फरार रहेको प्रहरीले जनायो।

१८ वर्षीया युवतीलाई ०८० जेठ ६ गते बलात्कार गरेको भन्दै कोहलपुर नगरपालिका-११ का २० वर्षीय अभि थारू विरूद्ध पीडित पक्षले जेठ ३२ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ ३२ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई जेठ ३१ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत असार २४ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश चाणकमणि अर्यालको असार २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

**बर्दिया**

२६ वर्षीया महिलालाई ०७९ माघ १ गते बलात्कार गरेको आरोपमा बारबर्दिया नगरपालिका-११ का २६ वर्षीय संजय थारूविरूद्ध पीडितले चैत १९ गते

जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १९ गते बर्दिया जिल्ला अस्पतालमा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत ०८० वैशाख ३१ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकराज जोशीको जेठ १ गतेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा रहेका छन्।

३५ वर्षीया महिलालाई ०८० वैशाख ८ गते बलात्कार गरेको आरोपमा सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिका -९ बोटेचौरका ३० वर्षीय तिलकबहादुर बिकविरूद्ध पीडितले वैशाख ९ गते इलाका प्रहरी कार्यालय, मोतीपुरमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख ८ गते बाँसगढीबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ९ गते बर्दिया जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपिछ्वविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जेठ १ गते जिल्ला अदालतमा जबरजस्तीकरणी उद्योग शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कैलाशप्रसाद सुवेदीको जेठ २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१९ वर्षीया महिलालाई ०८० जेठ ७ गते बलात्कार गरेको आरोपमा बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका- ६ तुलसीपुर बस्ने २४ वर्षीय बिनोद परियार र १५ वर्षीय बालकविरुद्ध पीडितले जेठ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। प्रहरीले आरोपितलाई जेठ ८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ९ गते जिल्ला अस्पताल बर्दियामा भयो। प्रहरीले आरोपिछ्वविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जेठ २९ गते जिल्ला अदालतमा जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कैलाशप्रसाद सुवेदीको जेठ ३१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२० वर्षीया महिलालाई ०८० जेठ ८ गते बलात्कार गरेको आरोपमा राजापुर नगरपालिका-५ मुरैयाका २४ वर्षीय केदारनाथ चौधरीविरूद्ध पीडित पक्षले जेठ ९ गते इलाका प्रहरी कार्यालय राजापुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ ९ गते जिल्ला अस्पतालमा गुलरियामा भयो। प्रहरीले आरोपितलाई जेठ १२ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपिछ्वविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत असार ५ गते जिल्ला अदालतमा जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकराज जोशीको असार ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१८ वर्षीया युवतीलाई ०८० जेठ २८ गते बलात्कार गरेको आरोपमा सुर्खेत जिल्ला चिनगाढा गाउँपालिका -४ का ४० वर्षीय महेन्द्र चन्दविरूद्ध पीडितले असार १२ गते इलाका प्रहरी कार्यालय मोतीपुरमा उजुरी दिइन्। घटनापश्चात् आरोपित फरार रहेको प्रहरीले जनायो।

## बोक्सी आरोपमा

### दाङ

६० वर्षीया महिलालाई ०८० जेठ ३० गते घोराही उमनपा-१७ की ३३ वर्षीया सरस्वती गुरुङ र घोराही उमनपा-३ का धामी ४५ वर्षीय यमबहादुर सार्कीले कथित बोक्सी आरोप लगाउँदै दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले जेठ ३१ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। आफू बिरामी भएको भन्दै गुरुङले धामी बोलाएर झाँक्री बसालेको र शरिरमा देउता चढेको भन्दै ६० वर्षीया महिलालाई बोक्सी आरोप लगाएको पीडितले बताइन। प्रहरीले आरोपित दुवैजनालाई जेठ ३१ गते घरबाटै गिरफ्तार गरी असार १५ गते बोक्सी आरोपसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले असार १५ गते दुवैजनालाई ३०/३० हजार धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

६८ वर्षीया वृद्धालाई ०८० जेठ ३० गते घोराही उमनपा-५ का २५ वर्षीय माधव गिरीले बोक्सी आरोप लगाई दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले असार ७ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। आफ्नै विवाह पार्टीका क्रममा भोज खान बोलाइएकी वृद्धालाई नाम लिएर बोक्सी भन्दै सार्वजनिकरुपमा गाली गलौज गरेको भन्दै पीडितले न्यायका लागि उजुरी दिएको बताईन। प्रहरीले आरोपितलाई असार ८ गते घरबाटै गिरफ्तार गरी असार २४ गते बोक्सीआरोपसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले असार २४ गते ३० हजार धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

## पारिवारिक हत्या

### रुपन्देही

रामग्राम नपा- १४, पर्सावाल निवासी ३० वर्षीय अब्दुल नसिब खाँलाई पत्नी २३ वर्षीया नसीबुन निसाले ०८० जेठ १७ गते परस्त्रीसँग प्रेम सम्बन्ध रहेको आरोपमा हत्या गरेको भन्दै जेठ १९ गते नै मृतकका दाजु अब्दुल हमिद खाँले जिल्ला प्रहरी कार्यालय, परासीमा

उजुरी दिए। प्रहरीले जेठ १९ गते आरोपितलाई घरबाट गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम जेठ १९ गते पथ्वीचन्द्र जिल्ला अस्पतालमा गरी मृतक दाजु अव्दुल हमिद खाँलाई जिम्मा लगाइयो। ०८० असार ८ गते जिल्ला अदालतमा कर्तव्य ज्यानमा मुद्दा पेश भएकोमा असार १२ गते जिल्ला न्यायाधीश खडानन्द तिवारीको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा रहेको श्रेष्तेदार प्रेम प्रसाद पौडेलले बताए। अर्को व्यक्तिसगं प्रेम सम्बन्ध रहेको आरोपमा हत्या भएको प्रहरीले जनायो।

**दाङ**

लुङग्री गाउँपालिका-६ रोल्पा घर भइहालदाङको घोराहीउमनपा-१९ मा मजदुरी गर्न आएकी ४४ वर्षीया गोबिना बुढाथोकीलाई ०७९ माघ २१ गते ४९ वर्षीया पति किर्तिमान बुढाथोकीले हत्या गरेको भन्दै पीडित पक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालय घोराहीमा उजुरी दिए। पटक पटकआपसी झगडा हुने गरेको र माघ २१ गते मादकपदार्थ सेवन गरेर विवाद गर्दा ढुङ्गाले हानेर हत्या गरेको पीडित प्रहरीले बतायो। माघ २३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा शवको पोष्टमार्टम भएपछि घर परिवारले बुझेर परम्पराअनुसार अन्त्यष्टि गरे। आरोपितलाई प्रहरीले माघ २२ गते घोराहीबाटै गिरफ्तार गरी फागुन १८ गते कर्तव्य ज्यानसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले फागुन १८ गते पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन। अभिलेख नं. ३१

४० वर्षीय रेशम सुनारलाई ०७९ चैत १४ गते बंगलाचुली गाउँपालिका-२ की ३२ वर्षीया पत्नी कमला सुनार र १८ वर्षीय छोरा शिवराज सुनारले हत्या गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय दाङमा चैत १५ गते उजुरी दिए। घरायसी झगडामा कोदालोले टाउँकोमा हानेर हत्या गरेको प्रहरीले जनायो। शवको पोष्टमार्टम चैत १५ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई चैत १५ गते घरबाटै गिरफ्तार गरी ०८० वैशाख १० गते कर्तव्य ज्यानसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले दुवैजनालाई वैशाख १० गते पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन। अभिलेख नं. ७७

घोराही उपमनपा-१२ की ४० वर्षीया शारदा केसीलाई ०८० वैशाख १ गते पति ४१ वर्षीय मेघराज केसी, सासु ६७ वर्षीया भुमाकुमारी खत्री र घोराही उमनपा-११ का पूर्णबहादुर भन्ने मोहनलाल वलीले हत्या गरेको भन्दै पीडित पक्षले वैशाख ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पटक पटक कुटपिट गर्दै आएको र वैशाख १ गते राति हत्या गरेर घरकै छेउमा खाडल खनेर गाडेको अवस्थामा छिमेकीले वैशाख ६ गते देखेपछि प्रहरीले सडेको अवस्थामा शव निकालेको थियो। शवको पोष्टमार्टम वैशाख ७ गते भेरी अस्पताल नेपालगञ्जमा गरी शव छोरीलाई जिम्मा लगाएपछि वैशाख ७ गते नै परम्पराअनुसार सतगद् गरे। प्रहरीले मुख्य आरोपित केसीलाई वैशाख ८ गते गोग्लीबाट र मोहनलाई घरबाटै गिरफ्तार गरी ०८० जेठ ४ गते कर्तव्य ज्यानसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले जेठ ५ गते मेघराजलाई पुर्पक्षका लागि थुनामा पठायो भने मोहन वलीलाई १ लाख रुपियाँ धरौटीमा हिरासतमुक्त र ज्येष्ठ नागरिक भएकाले भुमालाई साधारण तारेखमा राख्न आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बाँके**

कोहलपुर नगरपालिका-२ वर्दहवाकी २० वर्षीया प्रिती थारू २०८० वैशाख १८ गते आफ्नै घरमा मृत फेला परिन्। मृतक बुबा ललीराम थारूले वैशाख १९ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा हत्या गरेको भन्दै उजुरी दिए। प्रहरीले मृतकका पति २१ वर्षीय अनिल थारू, ससुरा ४६ वर्षीय भागीलाल थारू र जेठाजु २४ वर्षीय राजकुमार थारूलाई वैशाख १८ गते घरबाट गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम वैशाख १८ गते भेरी अस्पतालमा भयो। मृतकको वैशाख १९ गते सद्गत भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत ०८० जेठ १२ गते जिल्ला अदालतमा कर्तव्य ज्यान शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश आत्मदेव जोशीको जेठ १६ गतेको आदेशले भागीलाल थारूलाई ३ लाख रूपियाँ रिहा गर्ने आदेश दिएकोमा धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठाएको र राजकुमार र अनिल पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए ।

## सबै प्रकारका जातीय विभेद

**दाङ**

पञ्चदेवल विनायक नपा-७ अछाम घर भइ हाल घोराही उमनपा-१७ बस्दै आएका २३ वर्षीय महेन्द्र बिक र उनकी २३ वर्षीया पत्नी शान्ति बिकलाई ०८० असार १५ गते घोराही उमनपा-१७ का ६० वर्षीय ताराप्रसाद पोखेलले जातीय विभेद गरी घर निकाला गरेको भन्दै पीडित पक्षले असार १६ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडितका अनुसार असार १२ गते कोठा भाडा दिएका पोखेलले असार १५ गते तिमीहरु कामी रहेछौ,

हामीले कामीलाई घर भाडा दिएका छैनौं भन्दै सामान बाहिर फालिदिएका थिए। घटनाको विरोध गर्दै दलित पत्रकार संघ दाङ, दलित नागरिक समाज दाङले असार १७ गते विज्ञप्ति निकालेर जातको आधारमा भेदभाव गर्नेमाथि कारवाहीको माग गरे। प्रहरीले आरोपितलाई असार १६ गते घरबाटै गिरफ्तार गरी अनुसन्धान थाल्यो।

**बाँके**

बैजनाथ गाउँपालिका -२ पितमारी ४२ वर्षीया विरमी टमाटालाई ०७९ चैत २८ र २९ गते गाउँमा दिलबहादुर थापाको घरमा आमाको तेह्रौं पुण्यतिथिमा सहयोग गर्न गएको बेला आफुमाथि जातिय विभेद गरेको आरोपमा बैजनाथ गाउँपालिका -२ पितमारीका ३८ वर्षीय भक्तबहादुर बुढा, ३४ वर्षीया तुलादेवी खड्का बुढाक्षेत्री ,४० वर्षीय प्रेमबहादुर थापा, ३७ वर्षीय दिलबहादुर थापा, २७ वर्षीया नैना थापाविरूद्ध पीडितले इलाका प्रहरी कार्यालय कोहलपुरमा ०७९ चैत ३० गते उजुरी दिइन्। इलाका प्रहरी कार्यालय प्रहरीले चैत ३० गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरूविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत ०८० वैशाख ७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीशको आदेशले आरोपितहरूलाई जनही २ लाख ५० हजार रुपियाँ धरौटी माग र तारिखमा रिहा गरेको जिल्ला अदालतका श्रेष्तेदार तीर्थराज भट्टले बताए।

## स्वास्थ्यको अधिकार

**दाङ**

घोराही उमनपा-८ की २८ वर्षीया सुत्केरी मधु केसीको ०८० वैशाख २८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा मृत्यु भएको भन्दै पीडित पक्षले वैशाख २९ गतेदेखि आन्दोलन गरे। सुत्केरी भएपश्चात सालनाल नझरेपछि जवरजस्ती निकाल्दा सुत्केरीको मृत्यु भएको पीडितपक्षले आरोप लगाउदै आन्दोलन गरे। तर प्रतिष्ठानले सुत्केरी पश्चात पाठेघर खुम्चीनुपर्नेमा अनपेक्षित समस्या आइ रक्तस्रावका कारण मृत्यु भएको बतायो। उचित क्षतिपुर्ति दिनुपर्ने, मृतकका छोरा र छोरीलाई नि:शुल्क पठनपाठनको व्यवस्था गर्नुपर्ने माग राखी आन्दोलनमा उत्रिएका पीडित पक्ष र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा विकास लामिछानेवीच भएको वार्तामा घटनाको सत्यतथ्य छानवीन गर्न घोराही उपमहानगरपालिकाका उपप्रमुख हुमा डिसीको संयोजकत्वमा पाँच सदस्यीय छानवीन समिति गठन गर्ने र समितिको प्रतिवेदनअनुसार कारवाही गर्ने सहमतिमा वैशाख ३१ गते शव बुझेर पीडित पक्षले सतगत गरे।

**बर्दिया**

बाँसगढी नगरपालिका-३ महादेवाकी १६ वर्षीया ओमकुमारी डाँगीको मृत्यू ०८० जेठ २ गते भयो। सर्पले टोकेको बिरामीलाई सञ्चो गर्छु हेलचक्र्याइ गरी ज्यान मारेको भन्दै सत्यवचन सच्चाईकी पास्टर बाँसगढी नगरपालिका-२की ५० वर्षीया योगेन्द्रकुमारी घर्ती विरूद्ध मोतीपुर इलाका प्रहरी कार्यालयमा मृतको वुवा श्यामबहादुर डाँगीले जेठ ३ गते उजुरी दिए। प्रहरीले आरोपित घरबाट जेठ २ गते गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत ०८० जेठ ९गते ज्यानमार्ने कसुर हेलचेक्र्याइ गरी ज्यान मारेको शिर्षकमा मुद्दा दर्ता गर्‌यो। जिल्ला अदालतका न्यायाधीश टेकराज जोशीको जेठ १० गतेको आदेश अनुसार साधारण तारिखमा रिहा भइन् । अभिलेख ५०

नौ वर्षीय बालक अजयकुमार यादवको ०८०असार १ गते झारफुक गर्ने क्रममा मृत्यूभएको भन्दै सत्यवचन धर्मका गुलरिया नगरपालिका -४का ३९ वर्षीय राजु शाही सोही ठाउँका ३९ वर्षीया गीता शाही र ३५ वर्षीया निशा नेपाली विरूद्ध पीडित पक्षले असार ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार ३ गते घरबाट गिरफ्तार गर्‌यो।प्रहरीले सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा असार २७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधीश टेकराज जोशीको असार २७ गतेको आदेशले गिता शाही र राजु शाही लाई जनही ५०हजार रूपियाँ धरौटी र निशा नेपालीलाई ३०हजार रूपियाँ धरौटी रकम बुझाएर रिहा भए।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**लुम्बिनी प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : भोला महत, **संयोजन/सम्पादन** : विनोद पाण्डे, **व्यवस्थापक** : खिमलाल भट्टराई

नेपालगञ्ज उपमहानगरपालिका-१२, एसओएस मार्ग, बाँके, फोन : ०८१-४१५३४३

इमेल : nepalgunj@insec.org.np, Website : www.inseconline.org